नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website: www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

नेपाल एसबिआई बैंक लिमिटेड

प्रेश विज्ञप्ती

मिति: २०७८/०९/२०, मंगलबार

## नेपाल एसबिआई बैंकको २८औं वार्षिक साधारण सभा सम्पन्न

## शेयरधनीलाई चुक्ता पूँजीमा ५.३१% लाभांश (३.५०% बोनश तथा १.८१% नगद) वितरण गर्ने प्रस्ताव पारित

## सर्वसाधारण शेयरधनीको तर्फबाट संचालकमा श्री अप्सरा उप्रेती निर्विरोध निर्वाचित

नेपाल एसबिआई बैंक लि. का शेयरधनीहरुको २८औं वार्षिक साधारण सभा मिति २०७८ पौष २० गते (तदनुसार ४ जनवरी, २०२२) त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौंमा सम्पन्न भयो । उक्त सभाले बैंकको आ.व. २०७७/७८ को संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व. २०७७/७८ को नाफानोक्सान हिसाब र सोही अवधीको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) पारित गऱ्यो ।

सभाले बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीमा ५.३१ प्रतिशतका दरले लाभांश (३.५०% बोनश शेयर र १.८१% नगद लाभांश) वितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

उक्त साधारण सभाले सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितीमा प्रतिनिधित्व गर्ने संचालकमा श्री अप्सरा उप्रेतीलाई निर्विरोध निर्वाचित गरेको छ ।

साधारणसभाले बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि." को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण समेत स्वीकृत गरेको छ ।

उक्त साधारणसभाले आ.व. २०७८/७९ मा बैंकको लेखापरीक्षण गर्नका लागि मेशर्स एस.ए.आर. एसोसियट्स्, चार्टर्ड एकाउण्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गरेको छ । साथै, उक्त सभाले बैंकको प्रबन्धपत्र तथा नियमावलीका विविध दफा/नियममा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

उक्त सभाले बैंकको तर्फबाट अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ती (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ती ( एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा आवश्यक कामहरु गर्न/गराउन सक्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

बिनोद लुइँटेल
प्रमुख सूचना अधिकारी